# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, माघ १ गते २०४३ साल ( अतिरिक्ताङ्क ४२

## भाग ३

### श्री ५ को सरकार

### पर्यटन मन्त्रालयको सूचना

हवाई अड्डा दस्तूर (पहिलो संशोधन) नियमावली, २०४३

हवाई अड्डा दस्तूर नियमावली, २०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, गैरसनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "हवाई अड्डा दस्तूर (पहिलो संशोधन) नियमावली, २०४३" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. हवाई अड्डा दस्तूर नियमावली, २०३८ को नियम ३ मा संशोधन : हवाई अड्डा दस्तूर नियमावली, २०३८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,–

(१) उप-नियम (१) पछि देहायका उप-नियम (१क) र (१ख) थपिएका छन्–

"(१क) कुनै वायुयानको परीक्षण वा प्रशिक्षण अवतरणको हकमा पहिलो पाँच अवतरणसम्मलाई एक अवतरण मात्र मानी अवतरण दस्तूर लगाइनेछ र पाँच अवतरणभन्दा बढीको

568

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रत्येक अवतरणमा उप-नियम (१) बमोजिमकै दस्तूर लाग्नेछ ।

(१ख) कुनै वायुयान रात्रि अवतरण गरेमा अनुसूची–१ मा उल्लेखित अवतरण दस्तूरमा थप बीस प्रतिशत अवतरण दस्तूर लाग्नेछ ।"

स्पष्टीकरणः– यस नियमावलीको प्रयोजनको लागि "रात्रि अवतरण" भन्नाले सूर्यास्तपछि र सूर्योदयअघिको अवतरणलाई जनाउँछ ।"

(२) उप-नियम (३) मा रहेका "परीक्षण वा प्रशिक्षण अवतरण वा" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को,–

(१) उपनियम (२) को खण्ड (ग) मा रहेका "छ घण्टासम्म" भन्ने शब्दहरूको सट्टा "तीन घण्टासम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (३) मा रहेका "छ घण्टा" भन्ने शब्दहरूको सट्टा "तीन घण्टा" भन्ने शब्दहरू र "चौबीस घण्टासम्मलाई" भन्ने शब्दहरूको सट्टा "बाह्र घण्टासम्मलाई" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीमा नियम ४ क. थप : मूल नियमावलीको नियम ४ पछि देहायको नियम ४ क. थपिएको छः–

"४क. प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) दस्तूर : (१) नेपाल अधिराज्यको सरकारी वा गैरसरकारी हवाई अड्डामा यदाकदा आउने वायुयानहरूलाई यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य सेवाको प्रबन्ध गरिदिएकोमा त्यस्तो सेवा बापत अनुसूची–२क. मा तोकिएबमोजिमको प्रबन्ध सुविधा दस्तूर लाग्नेछ ।

तर हवाई विभागको लिखित स्वीकृति भएमा कूटनैतिक सुविधा प्राप्त वायुयानलाई प्रबन्ध सुविधा दस्तूर लाग्नेछैन ।

(२) हवाई विभागले अन्तर्राष्ट्रिय बोलपत्र माग गरी उप-नियम (१) बमोजिमको प्रबन्ध सुविधा उपलब्ध गराउने जिम्मा हुने व्यक्ति वा संस्थालाई दिन सक्नेछ । सो कामको जिम्मा लिने व्यक्ति वा संस्थाले हवाई विभागसंग भएको करारनामाबमोजिमको रोयल्टी रकम हवाई विभागलाई बुझाउने गरी अनुसूची–२ क. बमोजिमको दस्तूर लिई प्रबन्ध सुविधा उपलब्ध गराउनेछ ।"



५८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ मा रहेको "उड्डयन सहाय सुविधा दस्तूर लाग्नेछ" भन्ने वाक्यांशपछि "र रात्रि उडानमा उड्डयन सहाय सुविधा प्रयोग गरे वापत अनुसूची -४ मा तोकिएको दस्तूरको बीस प्रतिशत थप दस्तूर लाग्नेछ।" भन्ने वाक्याँश थपिएको छ।

६. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ मा रहेको "एक पैसाको दरले" भन्ने शब्दहरूको सट्टा "दुई पैसाको दरले" भन्ने शब्दहरू राखिएका छन्।

७. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ मा रहेको "बीस पैसाको दरले" भन्ने शब्दहरूको सट्टा "तीस पैसाको दरले" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः-

"(१) नेपाल अधिराज्यको सरकारी वा गैरसरकारी हवाई अड्डामा हवाई अड्डाको प्रमुखले तोकेको बिसान (पार्किङ्ग) क्षेत्रमा मात्र सवारी साधन बिसान गर्नु पर्नेछ र त्यसरी बिसान गरे वापत पटकै पिच्छे अनुसूची ५ मा तोकिएबमोजिमको बिसान दस्तूर लाग्नेछ।"

९. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को,

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः-

"(१) यात्रु बाहेक अन्य व्यक्तिले विमानस्थल भवनभित्र प्रवेश गर्दा अनुसूची ५क. मा तोकिएबमोजिमको दस्तूर लाग्नेछ।"

(२) उप-नियम (२) को खण्ड (क) मा रहेको "त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको" भन्ने शब्दहरूको सट्टा "विमानस्थलको" भन्ने शब्द राखिएको छ।

१०. मूल नियमावलीमा नियम १०क. र १० ख. थप : मूल नियमावलीको नियम १० पछि देहायका नियम १०क. र १०ख. थपिएका छन्:-

"१०क. सामान्य महत्वको कक्ष (सी. आई. पी. रूम) प्रयोग शुल्कः अन्तर्राष्ट्रिय विमानस्थलस्थित सामान्य महत्वको कक्ष (सी. आई. पी. रूम) हवाई अड्डा प्रमुखको स्वीकृतिबाट प्रतिघण्टा प्रतिव्यक्ति दुई सय रूपैयाँका दरले प्रयोग शुल्क लिई प्रयोग गर्न दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर हवाई विभागको लिखित स्वीकृति भएमा कुनै प्रतिष्ठित व्यक्तिको हकमा सामान्य महत्वको कक्ष प्रयोग शुल्क लाग्ने छैन ।

१०ख. चलचित्र आदि खिचे वापत लाग्ने शुल्क : (१) अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका हवाई अड्डा प्रमुखको लिखित स्वीकृति लिएर मात्र हवाई अड्डा प्रमुखले तोकिदिएको क्षेत्रमा चलचित्र, भिडियो चलचित्र (भिडियो फिल्म) इत्यादि खिच्न पाइनेछ ।

तर हवाई अड्डा प्रमुखले यसरी क्षेत्र तोक्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम चलचित्र, भिडियो चलचित्र इत्यादि खिच्दा अनुसूची–५ ख. बमोजिमको दस्तूर लाग्नेछ ।"

११. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर अनुसूची–६ मा तोकिएको रकमभन्दा कम नहुने गरी ठेक्का पट्टाद्वारा प्रयोग गर्न दिएको भवन वा कोठाको हकमा ठेक्का पट्टाद्वारा निर्धारण गरिएको दस्तूर नै असूल उपर गरिनेछ ।"

१२. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ मा रहेका "पैंसट्ठी रूपैयाँको दरले" भन्ने शब्दहरूको सट्टा "एकसय रूपैयाँका दरले" भन्ने शब्दहरू राखिएका छन् ।

१३. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ मा रहेका "चौबीस रूपैयाँको दरले" भन्ने शब्दहरूको सट्टा "पचास रूपैयाँका दरले" भन्ने शब्दहरू राखिएका छन् ।

१४. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ मा रहेका "गोदामको मर्मत तथा संभार" भन्ने शब्दहरूपछि "गर्दा हवाई अड्डा प्रमुखले मनासिव माफिकको कारण देखाई निर्धारण गरिदिएको स्तर बमोजिम " भन्ने शब्दहरू थपिएका छन् ।

१५. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छः–

"१५. विज्ञापनको लागि दस्तूर : नेपाल अधिराज्यको सरकारी हवाई अड्डाको इलाकाभित्रको भवनभित्र वा बाहिर विज्ञापनको लागि कसैलाई ठाउँ दिंदा अनुसूची–७ मा तोकिएबमोजिमको दस्तूर लाग्नेछ ।"



५६८ ९६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को उप-नियम (३) मा रहेका "हवाई विभागले" भन्ने शब्दहरूपछि "वा हवाई अड्डा प्रमुखले लिखित रूपमा" भन्ने शब्दहरू थपिएका छन् ।

१७. मूल नियमावलीको अनुसूचीहरूमा संशोधन : मूल नियमावलीका अनुसूची १, २, ३, ४, ५ र ६ को सट्टा यसैसाथ संलग्न अनुसूची १, २, ३, ४, ५ र ६ राखिएका छन् ।

१८. मूल नियमावलीमा अनुसूचीहरू थप : मूल नियमावलीमा यसैसाथ संलग्न अनुसूची २क, ५क, ५ख र ७ थपिएका छन् ।

अनुसूची–१

(नियम ३ संग सम्बन्धित)

अवतरण दस्तूर

(क) अन्तर्राष्ट्रिय उडानको वायुयानमा

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. दश हजार किलोग्राम सम्मलाई– | पन्ध्र रूपैयाँ प्रतिहजार किलोग्रामका दरले । |
| २. दश हजार किलोग्रामभन्दा बढी पच्चीस हजार किलोग्रामसम्मलाई– | पहिलो दश हजार किलोग्रामको एक सय पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीस रूपैयाँका दरले । |
| ३. पच्चीस हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्रामसम्मलाई– | पहिलो पच्चीस हजार किलोग्रामको छ सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पैंतालीस रूपैयाँका दरले । |
| ४. पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्मलाई– | पहिलो पचास हजार किलोग्रामको एक हजार सातसय पच्चीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रूपैयाँका दरले । |
| ५. पचहत्तर हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्रामसम्मलाई– | पहिलो पचहत्तर हजार किलोग्रामको तीन हजार छ सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको नब्बे रूपैयाँका दरले । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ६. एक लाख किलोग्राम भन्दा बढी जतिसुकै तौलको भए तापनि– | पहिलो एक लाख किलोग्रामसम्मलाई पाँच हजार आठ सय पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामलाई एकसय पाँच रूपैयाँका दरले । |

(ख) आन्तरिक उडानको वायुयानमा (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा)

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. दश हजार किलोग्रामसम्म-लाई– | बाह्र रूपैयाँ प्रति हजार किलोग्रामका दरले । |
| २. दश हजार किलोग्रामभन्दा बढी पच्चीस हजार किलोग्राम सम्मलाई– | पहिलो दश हजार किलोग्रामको एकसय बीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौबीस रूपैयाँका दरले । |
| ३. पच्चीस हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्रामसम्मलाई– | पहिलो पच्चीस हजार किलोग्रामको चार सय अस्सी रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सैंतीस रूपैयाँ पचास पैसाका दरले । |
| ४. पचास हजार किलोग्राम भन्दा बढी जतिसुकै तौल भए तापनि– | पहिलो पचास हजार किलोग्रामको एक हजार चारसय सत्र रूपैयाँ पचास पैसा र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पैंतालीस रूपैयाँका दरले । |

(ग) आन्तरिक उडानको वायुयानमा (अन्य विमानस्थलमा)

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. दश हजार किलोग्रामसम्म-लाई– | छ रूपैयाँ प्रतिहजार किलोग्रामको दरले । |
| २. दश हजार किलोग्रामभन्दा बढी बीस हजार किलोग्राम सम्मलाई– | पहिलो दश हजार किलोग्रामको साठी रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलो-ग्रामको दश रूपैयाँ पचास पैसाका दरले । |
| ३. बीस हजार किलोग्राम भन्दा बढी जतिसुकैको तौल भए तापनि– | पहिलो बीस हजार किलोग्रामको एक सय पैंसट्ठी रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक्काईस रूपैयाँका दरले । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – २

(नियम ४ संग सम्बन्धित)

### वायुयान विसान दस्तूर

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. पचास हजार किलोग्रामसम्म-लाई– | बाह्र रूपैयाँ प्रतिहजार किलोग्रामका दरले। |
| २. पचास हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्राम सम्मलाई– | पहिलो पचास हजार किलोग्रामको छ सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको अठार रूपैयाँको दरले। |
| ३. एक लाख किलोग्रामभन्दा बढी जतिसुकै तौल भए तापनि | पहिलो एक लाख किलोग्रामको एक हजार पांच सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौबीस रूपैयाँका दरले। |

(ख) अन्य विमानस्थलमा

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. चालीस हजार किलोग्राम सम्मलाई– | आठ रूपैयाँ पच्चीस पैसा प्रतिहजार किलोग्रामका दरले। |
| २. चालीस हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्राम सम्मलाई– | पहिलो चालीस हजार किलोग्रामको तीनसय तीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको बाह्र रूपैयाँका दरले। |
| ३. एकलाख किलोग्रामभन्दा बढी जतिसुकै तौल भए तापनि | पहिलो एकलाख किलोग्रामको एक हजार पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सोह्र रूपैयाँ पचास पैसाका दरले। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### अनुसूची – २ क
### (नियम ४क संग सम्बन्धित)
### प्रबन्ध सुविधा दस्तूर

| जहाजको किसिम | ट्रान्जिटको यू. एस. डलर | रात्रि बिसानको यू. एस. डलर |
|---|---|---|
| ट्वीन अट्टर वा सो भन्दा सानो | तीन सय पचास | चार सय पन्चान्नब्बे |
| डी. सी. थ्री | " | " |
| फोकर २७ | पाँच सय पैंतीस | सात सय चालीस |
| विस्काउन्ट | पाँच सय असी | आठ सय दश |
| आई. एल. १८ | नौ सय नब्बे | एक हजार दुई सय पचपन्न |
| क्यार मेलले | " | " |
| एफ. २८ | " | " |
| ब्रिटानिया | नौ सय पचहत्तर | एक हजार नौ सय पचास |
| हरकुलस | एक हजार दुई सय सत्तरी | दुई हजार पाँच सय पैंतीस |
| बोईङ ७२७ | एक हजार तीन सय पैंतीस | एक हजार छ सय बीस |
| बोईङ ७३७ | " | " |
| डी. सी. ९ | " | " |
| बोईङ ७०७ | एक हजार चार सय पैंसाठी | एक हजार नौ सय बीस |
| डी. सी. ८ | " | " |
| आई. एल. ४४ | " | " |
| डि.सी. १० | एक हजार पाँच सय साठी | तीन हजार एक सय पन्ध्र |
| भी. सी. १० | " | " |
| एअर बस | " | " |
| जम्बोजेट बी. ७४७ | एक हजार आठ सय तीस | तीन हजार छ सय पचास |
| | " | " |

नोट्सः– माथि उल्लेखित दस्तूर अन्य परिवर्त्य विदेशी मुद्रामा समेत बुझाउन सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ३
### (नियम ५ संग सम्बन्धित)
### गृह आश्रय दस्तूर

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. पचास हजार किलोग्रामसम्मलाई | चौबीस रूपैयाँ प्रतिहजार किलोग्रामको दरले। |
| २. पचास हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्मलाई– | पहिलो पचास हजार किलोग्रामको एक हजार दुई सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको छत्तीस रूपैयाँका दरले। |
| ३. एक लाख किलोग्रामभन्दा बढी जतिसुकै तौल भए तापनि– | पहिलो एक लाख किलोग्रामको तीन हजार रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको अठ्चालीस रूपैयाँका दरले। |

(ख) अन्य विमानस्थलमा

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. चालीस हजार किलोग्रामसम्मलाई– | सोह्र रूपैयाँ पचास पैसा प्रति हजार किलोग्रामका दरले। |
| २. चालीस हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्मलाई– | पहिलो चालीस हजार किलोग्रामको छ सय साठी रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौबीस रूपैयाँका दरले। |
| ३. एक लाख किलोग्रामभन्दा बढी जतिसुकै तौलको भए तापनि | पहिलो एक लाख किलोग्रामको दुई हजार एक सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तेत्तीस रूपैयाँका दरले। |



५८३ ८३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ४

(नियम ६ संग सम्बन्धित)

### उड्डयन सहाय सुविधा दस्तूर

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. पच्चीस हजार किलोग्रामसम्मलाई– | पाँच सय बैसठ्ठी रूपैयाँ पचास पैसा। |
| २. पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामभन्दा कम– | नौ सय सैंतीस रूपैयाँ पचास पैसा। |
| ३. पचास हजार किलोग्राम वा सोभन्दा बढी पचहत्तर हजार किलोग्रामभन्दा कम– | एक हजार आठ सय पचहत्तर रूपैयाँ। |
| ४. पचहत्तर हजार किलोग्रामभन्दा बढी जतिसुकैलाई पनि– | तीन हजार सात सय पचास रूपैयाँ। |

## अनुसूची ५

(नियम ९ संग सम्बन्धित)

### सवारी साधन बिसान दस्तूर

| सवारी साधनको किसिम | दस्तूर<br>(प्रत्येक दुई घण्टाको लागि) |
|---|---|
| १. कार, जीप तथा टेम्पो– | दुई रूपैयाँ। |
| २. मोटरसाईकल र स्कूटर– | एक रूपैयाँ। |
| ३. बीस सिटभन्दा कम क्षमताको मिनिबस वा बस– | पाँच रूपैयाँ। |
| ४. बीस सिटभन्दा बढी क्षमताको मिनिबस वा बस र ट्रक– | दश रूपैयाँ। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ५क

(नियम १० (१) संग सम्बन्धित)

प्रवेश शुल्क

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय विमानस्थल भवनभित्र प्रवेश गर्दा– पाँच रूपैयाँ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक भवन (डोमेस्टिक टर्मिनल बिल्डिङ्ग) भित्र प्रवेश गर्दा– एक रूपैयाँ।

३. अन्य आन्तरिक विमानस्थल भवनभित्र प्रवेश गर्दा– एक रूपैयाँ।

४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विमानस्थल भवन हाताभित्र यात्रुलाई बिदा गर्ने कक्ष (भिजिटर्स डेक) भित्र प्रवेश गर्दा– दुई रूपैयाँ।

उपर्युक्त प्रवेश शुल्क दरहरूमा प्रत्येक वर्ष दश प्रतिशतसम्म बढाउन सक्नेछ।

अनुसूची ५ख

(नियम १० ख (२) संग सम्बन्धित)

चलचित्र खिचेबापत लाग्ने दस्तूर

चलचित्र, भिडियो चलचित्र आदि खिच्दा ६ घण्टासम्मलाई एक पटक मानी प्रत्येक पटकको– पाँच हजार रूपैयाँ।

अनुसूची ६

(नियम ११ संग सम्बन्धित)

भवन तथा कोठा बहाल

| क्रम संख्या | हवाई अड्डा | प्रतिमहिना प्रतिवर्ग मिटरको |
|---|---|---|
| १. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | एक सय रूपैयाँ |
| २. | अन्य विमानस्थल | पच्चीस रूपैयाँ |



५८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ७
(नियम १५ संग सम्बन्धित)

### विज्ञापन दस्तूर

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

| स्थान | दस्तूर |
|---|---|
| (क) अन्तर्राष्ट्रिय विमानस्थल भवन-भित्र– | प्रतिमहिना प्रतिवर्ग मिटर पाँच सय रूपैयाँका दरले। |
| (ख) आन्तरिक भवन (डोमेष्टिक टर्मिनल) भित्र– | प्रतिमहिना प्रतिवर्ग मिटर तीन सय पचास रूपैयाँका दरले। |
| (ग) अन्तर्राष्ट्रिय विमानस्थल भवन-बाहिर वा आन्तरिक भवनबाहिर तर विमानस्थल ईलाकाभित्र– | प्रतिमहिना प्रतिवर्ग मिटर तीन सय रूपैयाँका दरले। |
| (घ) अन्तर्राष्ट्रिय विमानस्थल भवन-बाहिर वा आन्तरिक भवनबाहिर कुनै किसिमको व्यानर प्लेकार्ड इत्यादि अस्थायी रूपमा राख्न दिएमा– | प्रतिदिन प्रतिवर्ग मिटर एक सय रूपैयाँ। |

२. अन्य विमानस्थल

| स्थान | दस्तूर |
|---|---|
| (क) विमानस्थल भवनभित्र– | प्रतिमहिना प्रतिवर्ग मिटर एक सय रूपैयाँका दरले। |
| (ख) विमानस्थल भवनबाहिर– | प्रतिमहिना प्रतिवर्ग मिटर पचास रूपैयाँका दरले। |

आज्ञाले,
बीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

५८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।